प्रस्ताव, छलफल तथा निर्णयहरु :

१. गत आर्थिक वर्ष २०७५।०७६ मा सञ्चालनमा आइ सम्पन्न भएका तर राजस्व बाँडफाँडको रकम तथा जिविस कोषबाट प्राप्त हुनुपर्ने अनुदान रकम प्राप्त नहुँदा भुक्तानी बाँकी रहेका योजनाहरुको सन्दर्भमा संघीय राजस्व बाँडफाँडको बाँकी रकम तथा जिविस कोषको रकम (निकासा माग गरी) प्राप्त भएमा गाउँसभाबाट विनियोजन ऐन संशोध/अनुमोदन हुने गरी भुक्तानी दिने,

२. गत आर्थिक वर्ष २०७५।०७६ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, स्थान र समयमा गर्ने,
मिति : २०७६।०६।१२ आइतबार,
स्थान : मालिङ (म्रोचे आमा समूहको भवन)
समय : विहान ११:०० बजे ।

३. मनसुनी वर्षात लम्बिएको साथै चाडबाडको समय समेत नजिकिएको सन्दर्भमा चालु आर्थिक वर्षको योजना तथा कार्यक्रम कार्यान्वयन (शुरुवात) गर्न असजिलो देखिएकोले दशै भन्दा अगावै सबै योजना/कार्यक्रमको कार्यान्वयन विधि छनौट तथा उपभोक्ता समिति गठन प्रक्रिया एवं सबै योजना तथा कार्यक्रमको लागत अनुमान तयार गरी सक्ने र दशैं लगत्तै योजना सम्झौता तथा कार्यान्वयन गर्ने,

४. मनसुनी वर्षातसँगै पहिरो तथा वर्षातको पानीको अव्यवस्थित प्रवाहले गर्दा यस गाउँपालिकाका सबैजसो मोटरबाटोहरुमा यातायात सञ्चालन अवरुद्ध हुन पुगेकोले चाडबाड लाग्नु अगावै बाटो सफाई (सुधार) कार्यक्रम सञ्चालन गर्ने, बाटो सफाइ कार्यक्रममा सम्भव भएसम्म मानव संशाधन प्रयोग गर्ने,

५. पूनर्निमाण प्राधिकरणबाट (दाताको सहयोगमा) यस गाउँपालिका वडा नं. २ मा स्वास्थ्य चौकी भवन निर्माणको लागि गत आवमा जग्गा खरिद भएकोमा सो जग्गाको भौगोलिक अवस्था तथा जग्गा अपर्याप्तताको कारण देखाउँदै भवन निर्माणको प्रस्ताव अस्वीकृत भएको, बहुउद्देश्यीय सभाहल, प्रहरी चौकी साथै गाउँ कार्यपालिकाको प्रशासकीय भवन निर्माणको लागि गण्डकी प्रदेश सरकारबाट शशर्त बजेट प्राप्त भएको सन्दर्भमा उक्त भवनहरु निर्माणार्थ मापदण्ड बमोजिमको जग्गा आवश्यक परेकोले वडा नं. २ का जग्गाधनी, बुद्दीजीवि, समाजसेवीसँग जग्गा दान/उपलब्धताको लागि आह्वान गर्ने जग्गा दानमा उपलब्ध नभएको खण्डमा जग्गा खरिदको लागि प्रक्रिया अगाडी बढाउने,

६. यस गाउँपालिका अन्तरगतका विभिन्न स्वास्थ्य सँस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुद्वारा समायोजन-रमाना माग भइ आएको सन्दर्भमा हाल नेपालका विभिन्न जिल्ला/स्थानहरुमा प्रकोपको रुपमा फैलिरहेको डेंगु रोगको समस्या यस गाउँपालिकामा समेत देखिएको, समायोजन भएका सम्पूर्ण कर्मचारीलाई एकैसाथ रमाना दिंदा स्वास्थ्य सँस्थामा कर्मचारी रिक्तता देखिने साथै डेंगु रोगको संक्रमण देखा परेका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई आर्को आदेश नहुन्जेल सम्म समायोजन-रमाना नदिने भनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट परित्र भएकोले रमाना माग गरेका कर्मचारीहरुलाई तत्कालै रमाना नदिने, कर्मचारीको वृत्ति विकासमा गम्भिर वाधा नै पर्ने अवस्था देखिएको खण्डमा (गाउँपालिका क्षेत्रमा डेंगु रोगको प्रकोप घट्दै गएको/नबढेको अवस्था रहेमा) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा रमाना दिने,

७. नेपालको संविधान दिवस तथा राष्ट्रिय दिवस २०७६ तपसिलका कार्यक्रमहरु गरि मनाउने,
मिति २०७६।०६।०२
कार्यालय परिसरमा दिपावली गर्ने,
मिति २०७६।०६।०३
गाउँ कार्यपालिकाको कार्यालय परिसर सरसफाई- विहान ७:३० बजे

गाउँ कार्यपालिकाको कार्यालयमा झण्डोत्तोलन कार्यक्रम- विहान ८:०० बजे
उपस्थित जनसमुदायमा राष्ट्रिय झण्डाप्रति जानकारी तथा झण्डा वितरण कार्यक्रम- विहान ८:१५ बजे
समापन तथा चियापान।

८. वर्ल्ड भिजन इन्टरनेशनल तथा आरसीडीसी लमजुङको आर्थिक-प्राविधिक सहयोगमा स्थापना भइ यस गाउँपालिकालाई हस्तान्तरण भएको क्व्होलासोथार गाउँपालिकाको स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्रको व्यवस्थित सञ्चालनको लागि स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ पारित गर्ने,

९. तपसिल बमोजिमका कार्यक्रमहरुमा तपसिल बमोजिम बजेट विनियोजन गर्ने

| क्र. सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजन रकम | विनियोजन शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | भुजुङ पर्यटन महोत्सव २०७६ सञ्चालन तथा व्यवस्थापन खर्च | रु. २५००००।- | कार्यक्रम खर्च/ विविध/ भै चा | पर्यटन प्रवर्द्धन |
| २ | आगलागी भइ गोठ जलेको राहत मन बहादुर गुरुङ-क्व्हो गापा ८ | रु. २५०००।- | विपद व्यवस्थापन कोष | राहत प्रदान |
| ३ | आर्थिक सहायता आइत जंग कामी-क्व्हो गापा ४ | रु. १००००।- | चालु विविध | आर्थिक अवस्था कमजोर भएको व्यक्तिलाई उपचार खर्च सहयोग |